दर्ता नं. ७३३/०५८

# स्तुपा स्वास्थ्य सेवा सहकारी संस्था लि.

पोष्ट बक्स नं.२१७४९, गोकर्णेश्वर नगरपालिका - ०५, जोरपाटी
फोन नं. ४९१७५५७, ४९१७५५८, फ्याक्स नं. ४९१७२२०
इमेल : stupa@stupahealth.org.np, वेबसाइट : www.stupahealth.org.np

पत्र संख्या
चलानी नं.

मिति २०७६।०४।०९

**स्तुपा स्वास्थ्य सेवा सहकारी संस्था लि./ CC Camera खरिद, जडान तथा संचालन सम्बन्धी सिलवन्दी दरभाउपत्र।**

दोस्रो पटक प्रकाशित मिति : २०७६।४।९ गते

यस संस्था, अन्तर्गतका कलेज, अस्पताल र अनुसन्धान तालीम तथा अन्तर्राष्ट्रिय सम्वन्ध केन्द्रमा हुने गतिविधिहरु व्यवस्थित , सुरक्षित वातावरण कायम गर्न सहयोग हुने गरी CC Camera खरिद, जडान तथा संचालन गर्नु पर्ने भएको हुँदा इच्छुक इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीहरुवाट निम्न लिखित वुँदा अनुसार CC Camera खरिद, जडान तथा संचालन गर्न सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ।

तपसिल

१. सिलवन्दी दरभाउपत्र फाराम ईच्छुक फर्म/कम्पनीहरुले रु ५००। (अक्षेरुपी पाँचसय मात्र फिर्ता नहुने) तिरी सिलवन्दी दरभाउपत्र फाराम संस्थावाट प्राप्त गर्न सकिने छ।

२. संस्थावाट उपलब्ध गराईएको सक्कल सिलवन्दी दरभाउपत्र फाराममा दर रेट अंक र अक्षरमा भरि CC Camera खरिद, जडान तथा संचालन सम्वन्धी सिलवन्दी दरभाउपत्र भनि सिलवन्दी खाम वाहिर उल्लेख गर्नु पर्नेछ।

३. सिलवन्दी दरभाउपत्र फाराम साथ सिलवन्दी दरभाउपत्र दाखिला गर्दा फर्म/कम्पनीको दर्ता प्रमाणपत्र (नविकरण समेत), आ.व. २०७४।०७५ को कर चुक्ता प्रमाणपत्र, मु.अ.क/प्यान दर्ताको प्रतिलिपी संलग्न गर्नु पर्नेछ।

४. सिलवन्दी दरभाउपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको २.५ प्रतिशत वरावरले हुन आउने रकम यस संस्थाको आई.सि.एफ.सी फाइनान्स लि. बौद्धमा रहेको खाता नं. ००२००७०००६१५६३००००५ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ। सिलवन्दी दरभाउपत्र स्वीकृत भएको अवस्थामा नियमानुसार थप रकम धरौटीको रुपमा जम्मा गर्नु पर्नेछ।

५. सिलवन्दी दरभाउपत्रमा नेपाली रुपैयामा मूल्य उल्लेख गर्नुपर्नेछ। सिलवन्दी दरभाउपत्र फाराम केरमेट नगरी अंक र अक्षरमा भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

६. सिलवन्दी दरभाउपत्र दाखिला गर्ने फर्म/कम्पनीहरुले यस प्रकृतिका सामान विकी गरेको कम्तीमा ५ वटा प्रमाण पेश गर्नु पर्नेछ।

७. सिलवन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिन सम्मको हुनेछ।

८. सिलवन्दी दरभाउपत्र स्वीकृति भएको सिलवन्दी दरभाउपत्रदाताले उल्लेखित सामानको आपूर्ती सिलवन्दी दरभाउपत्र स्वीकृति भएको मितिले ३० दिन भित्र गरिसक्नु पर्नेछ अन्यथा सिलवन्दी दरभाउपत्र स्वीकृति रद्द गरी धरौटी रकम जफत गरिनेछ।

९. भुक्तानीको तरिका (किस्ता) उल्लेख हुनुपर्नेछ।

१०. सिलवन्दी दरभाउपत्र दोस्रो पटक सूचना प्रकाशित मितिले ५ दिन भित्र दिनको १ वजे सम्म आधिकारिक व्यक्तिवाट दस्तखत गरि बुझाउनु पर्नेछ र सोहि दिन सिलवन्दी दरभाउपत्रदाता वा नीजको अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा दिनको ३ वजे यस संस्थाको जोरपाटी स्थित केन्द्रीय कार्यालयमा खोलिने छ। सिलवन्दी दरभाउपत्रदाता वा प्रतिनिधिको अनुपस्थित भएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न वाधा हुने छैन।

११. सिलवन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने, आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ।

१२. यसमा नपरेका कुराहरु प्रचलित नियम वमोजिम हुनेछ।

(गोपाल कृष्ण श्रेष्ठ)
प्रमुख कार्यकारी अधिकृत